# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, असार २८ गते, २०७३ साल (संख्या १५

## भाग ५

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम सबै सञ्चार प्रतिष्ठानहरुमा २०७३ साउन १ गते देखि लागू हुने गरी सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारहरुको न्यूनतम पारिश्रमिक देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(क) श्रमजीवी पत्रकार (श्रमजीवी पत्रकार, कामदार र कर्मचारी)

| क्र.सं. | विवरण | न्यूनतम मासिक पारिश्रमिक रू. |
|---|---|---|
| १. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी पत्रकार | १९,५००।- |
| २. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी कामदार/कर्मचारी | १४,४००।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार | १४,१००।- |
| ४. | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी कामदार/कर्मचारी | १२,५००।- |

(ख) श्रमजीवी पत्रकार (स्टिन्जर)

| क्र.सं. | विवरण | रेडियो | पत्रपत्रिका | टेलिभिजन |
|---|---|---|---|---|
| १. | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका स्टिन्जर (प्रति समाचार) | रू.२००।- | रू.२२५।- | रु.६००।- |
| २. | अन्य सञ्चार प्रतिष्ठानका स्टिन्जर (प्रति समाचार) | रू.१५०।- | रू.१५०।- | रू.६००।- |

(ग) आंशिक समय काम गर्ने, ज्यालादारी, करारमा काम गर्ने श्रमजीवी पत्रकार, कामदार/कर्मचारीको हकमा न्यूनतम पारिश्रमिकको सट्टा कार्य घण्टा र करार बमोजिम सम्बन्धित प्रतिष्ठानले निर्धारण गर्ने ।

खण्ड ६१, सङ्ख्या ३६, मिति २०६८।९।१८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
दिनेश कुमार थपलिया
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३



आधिकारिकेता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।